# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**रुकुम (पश्चिम)**

**कर्णाली प्रदेश**

**२०७९**

**नगरसभाको बैठकमा मिति २०७९ असार १० गते शुक्रबार**
**नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ज्यूले**
**प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**
**कर्णाली प्रदेश**
**२०७९**

**चौरजहारी नगरपालिकाको यस गरिमामय  नगरसभाका अध्यक्षज्यू र सभा सदस्यहरू,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वाभीमानी नेपाली जनताको तागतमा बनेको संविधान सभाबाट निर्मित संविधानअनुसार गठित यस चौरजहारी नगरपालिकाको जननिर्वाचित जनप्रतिनिधहरूको सार्वभौम थलो नगरसभामा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. यस अवसरमा चौरजहारी नगरपालिकाको स्थानीय तह निर्वाचन, २०७९ मा  नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्ष,  कार्यपालिका सदस्य, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य पदमा निर्वाचित गराउने आम मतदाता तथा चौरजहारी नगरवासी जनसमुदायमा हार्दिक आभारसहित विशेष धन्यवाद व्यक्त गर्दछु । २०७४ सालमा भएको स्थानीय तह पहिलो निर्वाचबाट निर्वाचित भइ चौरजहारी नगरपालिकाको समृद्धि र विकासको जग खडा गर्नुहुने प्रथम नगरप्रमुख विशाल शर्मा र उपप्रमुख राधा रोकासहित कार्यपालिका सदस्य र नगर सभाका सदस्यज्यूको मुक्तकण्ठले प्रशंसा गर्दछु । लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने चौरजहारी नगरपालिका क्षेत्रभित्रका ५२ जनासहित सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । जनयुद्धका बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३. साधनस्रोत सीमित छ । आवश्यकताहरू असीमित छन् । गरिबी, अभाव र बेरोजगारीसँग जुँधिरहेको चौरजहारी नगरपालिकाले दुई वर्षसम्म लगातार कोभिड १९ का कारण  आर्थिक सङ्कटको सामना गर्नुपर्यो ।  सीमित स्रोतसाधनमा हाम्रा सबै आवश्यकता योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन । उत्पादनमार्फत रोजगारी सिर्जना र गरिवीको अन्त्य, जनताका जनजीविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौं । शिक्षा,  कृषि, स्वास्थ्य, उत्पादन र रोजगारी  यस बजेटका मुख्य प्राथमिकता हुन् ।

३. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरू, शिक्षक, वुद्धिजीवि, कर्मचारी, व्यापारीसहित आम चौरजहारी नगरवासी जनसमुदायबाट प्राप्त महत्वपूर्ण सुझाव मार्गदर्शनलाई बजेटको प्रमुख आधार बनाइएको छ।

**४. आर्थिक वर्ष २०७९।०८० को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७८।०७९ को यस चौरजहारी नगरपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था प्रस्तुत गर्दछु।**

५. आर्थिक वर्ष २०७८/०७९ का लागि आन्तरिक राजश्वको प्रक्षेपण २ करोड ४० लाख गरिएकोमा हालसम्म १ करोड ५० लाख ६७ हजार ५ सय ७९ मात्र सङ्कलन भएको छ। अनुमानको यो ६२.७८ प्रतिशत प्रगति हो।

६. आर्थिक वर्ष २०७८/०७९ मा सङ्घीय सरकारबाट समानीकरण अनुदान १० करोड ७० लाख विनियोजन भएकोमा सत प्रतिशत रकम प्राप्त भएको छ। सर्सत अनुदान चालुतर्फ २६ करोड १६ लाख ३२ हजार २५० विनियोजन भएकोमा २४ करोड ८० लाख ८२ हजार अर्थात् ९४.८२ प्रतिशत वास्तविक आय भएको छ। त्यसैगरी सङ्घको विशेष अनुदान पुँजीगततर्फ २ करोड ५० लाख विनियोजन भएकोमा वास्तविक आय २ करोड ५० लाख अर्थात् शतप्रतिशत प्राप्त भएको छ। राजश्व बाँडाफाँट अन्तर्गत सङ्घीय सरकारबाट ७ करोड ९७ लाख ४७ हजार विनियोजन भएकोमा हालसम्म ६ करोड ८० लाख ४१ हजार ८२ अर्थात् ८५.३२ प्रतिशत रकम प्राप्त भएको छ।

७. प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख २९ हजार आय अनुमान गरिएकोमा शत प्रतिशत प्राप्त भएको छ। प्रदेश समपूरक अनुदान चालुतर्फ २ करोड ५ लाख आय अनुमान गरिएकोमा हालसम्म ६३ लाख ४५ हजार ८ सय १७ अर्थात् ३०.९५ प्रतिशत मात्र प्राप्त भएको

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम)

छ । प्रदेश सर्सत अनुदान चालुतर्फ ६ करोड ४९ लाख २७ हजार आय अनुमान भएकोमा हालसम्म ४ करोड ४४ लाख ८० हजार रकम अर्थात् ६७.४६ प्रतिशत प्राप्त भएको छ। प्रदेश सरकारबाट विशेष अनुदान ७० लाख विनियोजन भएकोमा ६४ लाख २२ हजार अर्थात् ९१.७४ प्रतिशत रकम प्राप्त भएको छ। त्यसैगरी प्रदेश सरकारको राजश्व बाँडफाँडबाट ६५ लाख ६६ हजार १६५ रकम विनियोजन भएकोमा ४० लाख ५५ हजार १८८ अर्थात् ६१.७५ प्रतिशत प्राप्त भएको जानकारी यस सम्मानित सभामा अवगत गराउँछु।

८. स्थानीय तहको पहिलो जननिर्वाचित सरकारले सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको यस सम्मानित सभामा जानकारी गराउँछु। टिनका छाना र कच्ची भवन मुक्त विद्यायलको अवधारणा अनुसार ५५ वटा पक्की विद्यालय भवनमा ३१६ वटा कक्षाकोठा निर्माण भएका छन् । विद्यालयहरूमा फिल्ड, खानेपानी र शौचालय निर्माण गरिएको छ। १७ वटा विद्यालयहरूमा इन्टरनेट जडान गरिएको छ। विद्यालय सञ्चालनको अनुमति पाएका तर शिक्षक दरबन्दी नभएका विद्यायलहरूमा नगर शिक्षक र कर्मचारी गरी १२८ जना परिचालन गरिएको छ। निजी स्रोत शिक्षक विहीन विद्यालय बनाउने अभियानलाई पूर्णता दिइएको छ। कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाले नि:शुल्क ड्रेस र स्टेशनरी सामग्री प्रदान गर्ने गरेको छ । विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन भएका छन्।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

९. स्वास्थ्य सेवालाई सहज र पहुँचयोग्य बनाउन वडा नम्बर १, २, ३, ४, ८, ९, १०, ११, १२ र १३ मा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भइ सञ्चालनमा आएका छन्। चौरजहारी नगरपालिका १० मा सहिदस्मृति नगर अस्पताल स्थापना गरी सञ्चालन गरिएको छ। वडा नम्बर ७ मा पोष्टमार्टम भवन निर्माण गरिएको छ। चौरजहारी अस्पतालसँगको सहकार्यमा अक्सिजन प्लान्ट स्थापना गरी सञ्चालनमा ल्याइएको छ। वडा नम्बर २ मा पिसिआर प्रयोगशाला स्थापना गरी सञ्चालनमा रहेको छ। वडा नम्बर १ मा आइसोलेसन भवन निर्माण, वडा नम्बर ५, ६ र ११ का स्वास्थ्य चौकी भवन निर्माण गरिएको छ। एम्बुलेन्स र शबवाहन सेवा सञ्चालन गरिएको छ। गर्भवती महिला, अति विपन्न नागरिक, गरिव असहाय, जनयुद्धका घाइते तथा अपाङ्ग, जेष्ठ नागरिकहरूलाई नि:शुल्क स्वास्थ्य सेवाको व्यवस्था, नि:शुल्क स्वास्थ्य बिमा, नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। नेपाल सरकारले तोकेका १० प्रकारका रोगको उपचारका

लागि ५५ जना अति विपन्न नागरिकहरूलाई रु. १ लाख बराबरको आर्थिक सहायता प्रदान गरिएको छ ।

**१०.** **'एक घर एक धारा'** खानेपानी आयोजना कार्यान्वयनका लागि ५१ वटा खानेपानी आयोजना सम्पन्न गरी नगरपालिकाका करिब ८० प्रतिशत घरपरिवारमा स्वच्छ र सफा खानेपानीको सुविधा पुऱ्याइएको छ ।

**११.** नगरपालिकाका सबै वडाहरूका टोल तथा वस्तीसम्म ३१० किलोमिटर सडक विस्तार गरिएको छ । चौरजहारी नगरपालिकाको वडा नम्बर १, २, ३ र ८ सम्मको मध्यपहाडी सडक खण्डमा ९.२३ किलोमिटर सडक कालोपत्रे भएको छ । **'चौरजहारी – मेलैनाउली - खोलागाउँ - दमदमे'** सम्म १५ किलोमिटर सडक ग्राबेल गरिएको छ ।

**१२.** चौरजहारी नगरपालिका वडा नम्बर १, २ र ३ को मुख्य सडक कालोपत्रेको लागि काम अगाडि बढेको छ । **'चौरजहारी कोटजहारी जुम्लीपोखरी नुवाकोट'** सडक खण्ड, चौरजहारी मेलैनाउली नार्जी खोलागाउँ नुवाकोट सडक खण्डका साथै चौरजहारी लहरेसिमल खोलागाउँ सडक खण्ड स्तरोन्नतिका लागि DPR भइ काम सुचारु भएको छ ।

**१३.** मध्यपहाडी राजमार्गमा पर्ने जहारीखोलामा पक्की पुल निर्माण भइ सुचारु भएको छ । त्यसैगरी मेलैनाउली र चौरजहारी कुमाख जोड्ने बाँसखोलामा मोटरेवल पुल निर्माण कार्य सम्पन्न भएको छ । नुवाकोट सल्यान जोड्ने भुरुङखोला र वडा नं १० र वडा नम्बर ११ को औद्योगिक ग्राम जोडने मोटरेवल पुल निर्माणको काम अन्तिम चरणमा छ ।

**१४.** विभिन्न २३ वटा सिंचाइ आयोजना निर्माण भएका छन् । सामुहिक भैसी र बाख्रापालन, लेयर्स कुखुरा फार्म स्थापना तथा सञ्चालन गरिएका छन् । वडा नम्बर ११ र १३ मा भैंसी ब्लक स्थापना गरिएको छ । वडा नम्बर ७, १२ र १४ मा निजी बाख्रा फार्म प्रवर्धन तथा सुधार

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

कार्यक्रम सञ्चालन गरिएको छ। वडा नम्बर २ र ११ मा डेरी उद्योग स्थापना गरिएको छ। मिनिटिलर लगायतका आधुनिक कृषि औजारहरू प्रदान गरिएको छ। दुग्ध प्रवर्धन कार्यक्रम अन्तर्गत वडा नम्बर ४, ५, ११, १२, १४ मा एक घर दुई भैंसी कार्यक्रम सञ्चालन गरिएको छ । ५० घरधुरीमा भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ। वडा नम्बर ८, १२ र १४ मा लागत साझेदारीमा बाख्रा प्रवर्धन कार्यक्रम सञ्चालन गरिएको छ। वडा नम्बर ११ मा औद्योगिक ग्राम स्थापना गरिएको छ ।

**१५.** सबै वडाहरूमा दलित समुदायका नागरिकहरूलाई पशुपालन व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन गरिएको छ । वडा नम्बर २ र ११ मा सुपथ मूल्य पसल सञ्चालन गरी सहुलियतमा खाद्यन्न लगायतका दैनिक उपभोग्य सामग्री उपलब्ध हुने व्यवस्था मिलाइएको छ।

**१६.** वडा नम्बर ११ मा लक्षित वर्ग भवन, टिस्यूकल्चर प्रयोगशाला भवन निर्माण गरिएको छ। वडा नम्बर ३ मा सहिदस्मृति भवन निर्माण गरिएको छ। वडा नम्बर १, २, ३, ४, ५, ७, ९, १३ र १४ मा वडा कार्यालय भवन निर्माण गरिएको छ। त्यसैगरी चौरजहारी नगर कार्यपालिकाको सुविधा सम्पन्न कार्यालय भवन निर्माण गरिएको छ। वडा नम्बर ११ मा कृषि उपज सङ्कलन केन्द्रको भवन निर्माण गर्नुका साथै चौरजहारी बसपार्क निर्माण गरिएको छ।

**१७.** पर्यटनतर्फ मालिका मन्दिरको स्तरोन्नती तथा पदमार्गको निर्माण गरेको छ। वडा नम्बर ३ मा रामजानकी मन्दिर, वडा नम्बर ६ मा मालिका जाने पदमार्ग निर्माण र चमेरे गुफा र वडा नम्बर १४ को शिव गुफाको स्तरोन्नती गरिएको छ। जल पर्यटन प्रवर्धनका लागि भेरी नदीमा र्‍याफ्टिङ सञ्चालन गरिएको छ।

**१८.** कला, साहित्य एवम् सांस्कृतिक क्षेत्रको विकासका लागि मयूर नाच, सिंगारु नाच, दमाह नाच लगायतका संस्कृति प्रवर्धनका कार्यक्रम सञ्चालन गरिएको छ। दलित समुदायका परम्परागत सीप तथा व्यवसायतर्फ आरन, मादल, बाजागाजाको संरक्षणका लागि प्रोत्साहन गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**१९.** अपाङ्गता भएका ४१३ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरी ‘क’ र ‘ख’ वर्गका अपाङ्गता भएकाहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध  गरिएको छ । सुइटर बुनाइ, मेसिनद्वारा झोला बुनाइ, तरकारी, कुखुरापालन व्यवसायका लागि अनुदान प्रदान गरी आयआर्जनका कार्यक्रममा प्रोत्साहन गरिएको छ ।

**२०.** नगरपालिका क्षेत्रभित्र गुणस्तरीय, सहज र सुपथ भाडामा आवतजावतको प्रबन्धका लागि नगर बस सेवा सञ्चालन गरिएको छ । ५ वटा नगर बस,  २ वटा एम्बुलेन्स र १ वटा शव बहान सञ्चालनमा छन् ।

**२१.** नगरपालिका क्षेत्रभित्रका २ हजार २ सय २५ बालबालिका, ८९० जना दलित बालबालिका, ६४ जना ‘क’ र ८३ जना ‘ख’ वर्गका अपाङ्गता, ९२४ जना ७० वर्ष माथिका जेष्ठ नागरिक सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध भएका छन् । त्यसैगरी २७७ दलित जेष्ठ नागरिक, ३७२ जना  एकल महिलालाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ ।

**२२.** चौरजहारी नगरपालिलकाको मुख्य बजार क्षेत्रमा सौर्य बत्ति जडान गरिएको छ । वडा नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९, १० नम्बर वडामा विद्युतीकरण गरिएको छ । बाँकी वडाहरूमा विद्युतीकरणको काम भइरहेको छ । विपन्न परिवारलाई सुधारिएको चुलो निर्माण तथा विद्युतीय चुलो जडान गरिएको छ ।

**२३.** घर पुनर्निमाण अन्तर्गत वर्षाका कारण भत्किएका १८ घर पुर्ननिमार्ण गरिएको छ । २० वटा घर निर्माणको अन्तिम चरणमा छन् । जनता आवास अन्तर्गत ६१ वटा घर निर्माण गरिएको छ । खर तथा फुसको छानामुक्त घर निर्माण अन्तर्गत २८ वटा घर निर्माण गरिएको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**यस गरिमामय सभाका सभाध्यक्षज्यू र सभाका सदस्यहरू !**

**२४.** अब म आर्थिक वर्ष २०७९/०८० को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर प्रवर्धन, विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,

(ख) उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगार र स्वरोजगारका अवसर सिर्जना गर्ने,

(ग) कृषिमा आधारित उद्योगहरू स्थापना गरी कृषिको व्यवसायीकरण, विविधिकरण र यान्त्रीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(घ) आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास र सुशासन प्रवर्धनका क्षेत्रमा लगानी अभिवृद्धि गरी नगरपालिकाको समृद्धि र विकासको लक्ष्य पूरा गर्ने,

(ङ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गरी मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने,

(च) रोजगारीका अवसर सिर्जना गरी औद्योगिक विकास गर्ने एवम् सिपमूलक, व्यवसायीक तथा आयआर्जनमूलक तालिम तथा कार्यक्रम सञ्चालन गरी बेरोजगारमुक्त नगरपालिका घोषणाको आधार तयार पार्ने,

(छ) आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुशासन कायम गर्ने,

(ज) भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी शासन व्यवस्था कायम गर्ने ।

**२५. बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छ :**

(क) शिक्षा र स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने,

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

(ख) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने,

(ग) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने,

(घ) सडक, ऊर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने,

(ङ) सुशासन र सदाचार प्रवर्द्धन गर्ने ।

२६. आगामी आर्थिक वर्षका लागि बजेट विनियोजन गर्दा **'आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण: चौरजहारी नगरवासीको पहिचान'** को दीर्घकालीन सोच हासिलका लागि टेवा पुग्ने गरी बजेट केन्द्रित गरेको छ । आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ कार्यक्रमहरू केन्द्रित गर्ने प्रयास गरेको छु ।

२७. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्दछु ।

## शिक्षा

२८. श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । नगरपालिकाभित्रको शिक्षालाई

सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल  १९  करोड ३६ लाख ५० हजार अर्थात् ३०.९९ प्रतिशत  बजेट विनियोजन गरेको छ।

२९. विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून रहेको यस चौरजहारी नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन नगर शिक्षक तथा विद्यालय कर्मचारी परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ। यसका लागि ३ करोड २४  लाख  बजेट विनियोजन गरेको छ।

३०. संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति हुने गरी चौरजहारी नगरपालिकाले समानता कायम गर्न निशुल्क अभ्यासपुस्तिका र  पोसाकको व्यवस्था गर्दै आएको छ । उक्त कार्यक्रम अन्तर्गत  प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र विषयगत अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । त्यसका लागि रु ६० लाख बजेट विनियोजन गरेको छ।

३१. शिक्षक कर्मचारीहरूको उपस्थित प्रतिशत वृद्धिगरी थप जिम्मेवार र लगनशील बनाउन विद्यायहरूमा इ-हाजिरी जडान गर्ने कार्यक्रम अघि सारिएको छ। त्यसका लागि १० लाख बजेट विनियोजन गरेको छ । राम्रा अभ्यासको अनुकरण गरी कार्यक्षेत्रमा लागू गर्न प्रधानाध्यापकहरूको विद्यालय अवलोकन भ्रमणको व्यवस्था मिलाइएको छ । त्यसको लागि पनि रु. १० लाख बजेट विनियोजन गरेको छु। प्रधानाध्यापक तथा शिक्षकहरुको पेसागत सिप विकास, लेखा तथा जिन्सी व्यवस्थापन तालिमका लागि २ लाख बजेट विनियोजन गरेको छ । प्रधानाध्यापकहरूको कार्यबोझलाई मध्यनजर गर्दै थप लगनशील बनाउन  प्र.अ. भत्ता वृद्धिका लागि आवश्यक रकमको व्यवस्था  गरेको छ।

३२. शिक्षक पेसागत सहयोगका लागि विज्ञ समूह परिचालन गर्न १ लाख बजेट विनियोजन गरेको छ। त्यसैगरी **'एक कक्षाकोठा एक ल्यापटप : एक कक्षाकोठा एक प्रोजेक्टर'** को सोच पूरा गर्न यस वर्ष रु. १० लाख  विनियोजन गरेको छ । नगरपालिका स्तरीय

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

अतिरिक्त क्रियाकलाप सञ्चालन, एकीकृत पाठ्यक्रममा आधारित मूल्याङ्कन कार्यान्वयन सुदृढीकरणका लागि ३ लाख विनियोजन गरेको छु ।

**३३. 'सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्ड'** को नीति अवलम्बन गरिएको छ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको छ । त्यसका लागि रु १ लाख बजेट विनियोजन गरेको छु । नगर प्रमुख कप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि रु ७ लाख विनियोजन गरेको छु । स्थानीय पाठ्यक्रमको मर्म अनुरूप विद्यार्थीहरूलाई विद्यालयमा कृषि कर्मको प्रयोगात्मक अभ्यास मिलाइने छ । जसअन्तर्गत विद्यालयहरूमा बालपोषण बगैचा निर्माणका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु ।

**३४.** विद्यार्थी उपस्थिति दरमा वृद्धि, पोषण अवस्थामा सुधार ल्याउन प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । छात्राहरूको स्वास्थ्य र सरसफाइ तथा उपस्थिति दरमा वृद्धिका लागि स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रमहरुका लागि रू. १ करोड ५५ लाख ७६ हजार विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## स्वास्थ्य सेवा

**३५**. आर्थिक वर्ष २०७९/०८० मा स्वास्थ्य क्षेत्रमा '**प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा**' भन्ने नारा अवलम्बन गरिएको छ । उक्त नारालाई सार्थक बनाउन स्वास्थ्य सेवा प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य तर्फ कुल ५ करोड २३ लाख २३ हजार अर्थात् कुल बजेटको ८.३७ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

**३६.** गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, सहिद परिवार र जनयुद्धका घाइतेहरूको लागि स्वास्थ्य बिमा गरिनेछ । त्यसका लागि रु. ४९ लाख बजेट विनियोजन गरेको छु । नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सहजताका लागि चौरजहारी नगरपालिका १० मा सहिद स्मृति नगर अस्पताल सञ्चालन गरिएको छ । सहिदस्मृति अस्पतालको व्यवस्थापनका लागि १६ लाख बजेट विनियोजन गरेको छु ।

**३७.** पोषण स्वस्थ र दीर्घ जीवनको आधार हो । पोषण प्रवर्धनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि सङ्घ सरकारसँग साझेदारी गर्न ८ लाख बजेट विनियोजन गरेको छु । समाजसेवाको भावले स्वास्थ्य स्वयंसेवीकाहरू समर्पित छन् । स्वास्थ्य स्वयंसेवीकाहरूको कामको उच्च प्रशंसा गर्दै सम्मानका लागि रु. १० हजार पोसाक भत्तासहित १७ लाख ४० हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ ।

## पूर्वाधार निर्माण

**३८.** उत्पादन योग्य जमिन भएको तर सिंचाइ सुविधाको अभाव रहेको वडा नम्बर १, २ र ३ मा लिफ्ट सिंचाइ आयोजना सञ्चालन गरिनेछ । त्यसका लागि सङ्घ सरकारको २ करोड र चौरजहारी नगरपालिकाको २ करोड गरी रु. ४ करोड विनियोजन गरेको छु ।

**३९.** सडक विकासको मेरुदण्ड हो । सडकको विकास बिना अन्य विकासका पूर्वाधार निर्माण गर्न सहज हुदैन । चौरजहारी नगरपालिका क्षेत्रभित्रका सबै सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नती गरी बाह्रै महिना चल्ने बनाइनेछ । त्यसका लागि रु. १ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

**४०.** आधारभूत विद्यालय माथिसर्केनाको विद्यालय भवन निर्माण गरी पूर्वाधार सम्पन्न बनाइनेछ । त्यसका लागि कर्णाली प्रदेश सरकारसँग साझेदारी गरिनेछ । प्रदेश सरकारको १ करोड र

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

चौरजहारी नगरपालिकाको १ करोड गरी २ करोडको लागतमा विद्यालय भवन निर्माणको काम अगाडि बढाइने छ ।

४१. नेपालको संविधानको धारा ३३ ले रोजगारीको हक प्रदान गरेको छ । त्यसको कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा रोजगार कार्यक्रम सञ्चालन गरिने छ । प्रधानमन्त्री र मुख्य मन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माणका लागि साझेदारी गरिने छ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. नेपाल कृषि प्रधान देश हो । कृषिको व्यवसायीकरण आजको आवश्यकता हो । कृषि पेसामा आकर्षण गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसाय प्रवर्धन गरिने छ । कृषि र पशुपालन व्यवसायका लागि रु. ३ करोड ६८ लाख बजेट विनियोजन गरेको छु । पशु ढुवानीलाई सहज र व्यवस्थित तुल्याइनेछ । त्यसका लागि भेटिनरी एम्बुलेन्स सेवा सञ्चालन गर्न रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

४३. उद्योग उत्पादन र रोजगारका साथै आर्थिक वृद्धिको महत्वपूर्ण आधार हो । सङ्घ र प्रदेश सरकारसँगको पहलमा चौरजहारी नगरपालिका ११ मा रहेको औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ । गरिवी र बेरोजगारी अन्त्यका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । कार्यविधि निर्माण गरी रोजगारी तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ९० लाख विनियोजन गरेको छु ।

४४. नगरवासीलाई खाद्यन्न लगायतका दैनिक उपभोग्य सामग्री सुपथ र सहज रूपमा उपलब्ध गराउनु स्थानीय सरकारको पनि दायित्त्व हो । त्यसका लागि नगरपालिकाले सुपथ मूल्यका

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

पसल सञ्चालन गर्ने कार्यलाई व्यवस्थित रूपले सञ्चालन गर्नेछ । सुपथ मूल्य पसल सञ्चालनका लागि ५ लाख बजेट विनियोजन गरेको छु ।

**४५.** राजनीतिक व्यवस्था परिवर्तनका लागि सहिदहरूको योगदान सदा स्मरणीय छ । सहिदको सम्झना र सम्मान स्वरूप सहिद पार्क निर्माण गरिनेछ । त्यसका लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

**४६.** अधिकतम ५ युनिटसम्म पानी प्रयोग गर्ने घरपरिवारको लागि खानेपानी निशुल्क गरिनेछ । त्यसका लागि १६ लाख बजेट विनियोजन गरेको छु । जनजाति लक्षित उत्पादनमूलक कार्यक्रमका लागि १० लाख विनियोजन गरेको छु ।

## महिला, बालबालिका तथा लक्षित वर्ग

**४७.** तुलनात्मक रूपमा दलितहरू आर्थिक रूपमा कमजोर भए पनि उनीहरू सिपका धनी छन् । उनीहरूको परम्परागत पेसालाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने कार्यक्रम अगाडि सारिएको छ । दलित समुदायको परम्परागत पेसा व्यवसाय संरक्षणका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

**४८.** देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी अंश ओगट्ने महिलाको हक अधिकारलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक छ । महिलालाई विकासमा मूलप्रवाहीकरण गर्न, राज्यका सबै तह र निकायमा महिलाको पहुँच र प्रतिनिधित्व बढाई सारभूत समानता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । महिला लक्षित आयआर्जनका लागि रु. १५ लाख विनियोजन गरेको छु ।

बौधिमहरी नगरपालिका, रूकुम (पश्चिम)

**४९.** नेपालको संविधानको २४ धारामा जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरेको छ । छुवाछुत तथा भेदभावजन्य कार्यको अन्त्यका लागि अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई प्रोत्साहन गर्न प्रति जोडी १ लाखका दरले ५ लाख विनियोजन गरेको छु ।

**५०.** जेष्ठ नागरिक अनुभवका खानी र ज्यूदा इतिहास हुन् । जेष्ठ नागरिकको सम्मान र सेवाको खाँचो बढ्दै गएको छ । जेष्ठ नागरिकहरूको सम्मानको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु । चौरजहारी नगरपालिकालाई बालश्रम मुक्त बनाउने अभियान सञ्चालन गरिनेछ ।

## वातावरण तथा विपद्

**५१.** विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाको शीघ्र व्यवस्था मिलाइनेछ । उद्वार, राहत तथा पुनस्थापनाको पूर्व तयारी स्वरूप प्रकोप व्यवस्थापन कोषमा रु ८ लाख बजेट विनियोजन गरेको छु ।

**५२.** प्रकोप पीडित परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरू लगायतलाई राहत तथा उद्धार खर्चको व्यवस्था मिलाइएको छ । प्राकृतिक प्रकोपबाट पूर्ण रूपमा विस्थापितहरूलाई जस्तापाता, लत्ताकपडा, त्रिपाल लगायतका सामग्रीको व्यवस्था मिलाउन रु. १० लाख बजेट विनियोजन गरेको छु ।

## संस्थागत विकास र सुशासन

**५३.** शान्त, सभ्य र समुन्नत समाज निर्माणका लागि कानुनी सचेतना जरुरी छ । कानुनको अज्ञानता क्षम्य हुदैन भन्ने कानुनी सिद्धान्तलाई आत्मसात गर्दै कानुनी सचेतना तालिम सञ्चालन गरिनेछ । उपभोक्ता समिति र श्रम सहकारीमा आवद्ध जनशक्तिको पनि क्षमता विकास गरिनेछ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**५४.** नगरपालिकाले सञ्चालन गरेका गतिविधि प्रसारणका लागि एफ.एम. रेडियो सञ्चालन गरिनेछ । नगर सेरोफेरो रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । त्यसको लागि ५ लाख बजेट विनियोजन गरेको छु । सरकारका काम कारबाही खुला र पारदर्शी बनाइ जवाफदेही आवश्यक छ । सार्वजनिक सुनुवाइ गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

**५५.** सरकारले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयन कर्मचारीहरूमार्फत् हुन्छ । कर्मचारी प्रोत्साहन बिना सार्वजनिक सेवाप्रवाह प्रभावकारी हुन सक्दैन । चौरजहारी नगरपालिका अन्तर्गत कार्यरत करार सेवामा रहेका कर्मचारी, नगर प्रहरी, आधारभूत तह (कक्षा १-५/ प्राथमिक) तहमा कार्यरत शिक्षकलाई खाइपाइ आएको तलबमा मासिक रु. १ हजार तलब वृद्धि गरिनेछ । त्यसैगरी सङ्घ र स्थानीय तहका सबै बालविकास शिक्षकहरूलाई मासिक न्यूनतम रु. ११ हजार, विद्यालय सहयोगीका लागि न्यूनतम १० हजार ५ सय र विद्यालय सहायक कर्मचारीहरूलाई न्यूनतम १५ हजार हुने गरी तलब वृद्धि गरेको छु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**५६.** चौरजहारी नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालनका लागि गैरसरकारी सङ्घ संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । गोर्खा वेल्फेयर ट्रस्टसँग सहकार्य गरी वडा नम्बर ६ र ७ मा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्न रु. ३ करोड १८ लाख बजेटको व्यवस्था गरिएको छ ।

**५७.** समुदाय स्तरमा मानसिक स्वास्थ्यको क्षेत्रमा थप जनचेतना अभिवृद्धि गर्न मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रसँग साझेदारी गरिनेछ । त्यसका लागि नगरपालिकाबाट रु. ५ लाख र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC), नेपालको रु. २६ लाख ६७ हजार ५ सय ७९ गरी जम्मा रु. ३१ लाख ६७ हजार ५ सय ७९ बजेटको व्यवस्था गरेको छु । युनिसेफसँगको सहकार्यमा महिला तथा बालबालिका क्षेत्रमा सञ्चालन गरिने सामाजिक

नीति तथा सुरक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न रु. १० लाख ९८ हजार बजेट विनियोजन गरेको छु।

**५८.** आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्न नगरपालिकाको सञ्चित कोषतर्फ रु. **६३ करोड ३७ लाख ५३ हजार** विनियोजन गरेको छु। चालुतर्फ ३९ करोड ६३ लाख ३० हजार अर्थात् ६३.४३ प्रतिशत विनियोजन गरेको छु। पुँजीगततर्फ २३ करोड ७४ लाख २३ हजार अर्थात् ३७.४६ प्रतिशत विनियोजन गरेको छु। सञ्चित कोष र सङ्घसंस्था समेत गरी चौरजहारी नगरपालिकाको कुल बजेट ६६ करोड ९३ लाख १८ हजार ५ सय ७९ यस सम्मानित सभामा पेस गर्दछु। चालुतर्फ ४० करोड ९५ हजार ५७९ अर्थात् ५९.७८ प्रतिशत रहेको छ। पुँजीगततर्फ २६ करोड ९२ लाख २३ हजार अर्थात् ४०.२२ विनियोजन गरिएको छ।

**५९.** आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजश्वबाट रु. २ करोड २२ लाख प्रक्षेपण गरेको छु। सङ्घ सरकारको समानीकरण अनुदान ११ करोड ४५ लाख रहेको छ। सर्सत अनुदान सङ्घ सरकारको चालुतर्फ २२ करोड ८५ लाख रहेको छ। सर्सत अनुदान पूजीँगततर्फ सङ्घ सरकारको ६ करोड ३० लाख रहेको छ। त्यसैगरी समपूरक अनुदान पूजीँगत सङ्घ सरकारको २ करोड प्राप्त भएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**६०.** राजश्व बाँडफाँट स्थानीय सरकारको दहत्तरबहत्तर शुल्क वापत् रु. ४० लाख र मालपोत रजिष्ट्रेशन शुल्क रु. ६० लाख गरी रु. १ करोड राजश्व अनुमान गरिएको छ। कर्णाली प्रदेशको समानीकरण अनुदान प्रदेश सरकारबाट १ करोड १३ लाख २९ हजार र सर्सत अनुदान चालु प्रदेश सरकारबाट रु. ३६ लाख २० हजार रहेको छ। सर्सत अनुदान पूँजीगत प्रदेश सरकार ४ करोड, विशेष अनुदान पूँजीगत प्रदेश सरकार ६० लाख र समपूरक अनुदान पूँजीगत १ करोडको स्रोत परिचालन हुनेछ। योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण अनुसूची-१ मा उल्लेख गरेको व्यहोरा सम्मानित सभामा अवगत गर्दछु।

६१. **अन्त्यमा,** यो बजेट तथा कार्यक्रमका लागि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने नेपाल सरकारका अर्थमन्त्री जनार्दन शर्मा, कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना पूर्व मन्त्री गोपाल शर्मा, जिल्ला समन्वय समिति रुकुम पश्चिमका प्रमुख लुम्बिनी गौतम र चौरजहारी नगरपालिकाका प्रथम नगरप्रमुख विशाल शर्मा र उपप्रमुख राधा रोकाका साथै बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अवसर प्रदान गर्ने नगरवासी सम्पूर्ण जनसमुदाय, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)